**बुटवल उपमहानगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**बुटवल, रुपन्देही**

**पसले भवनका सटरहरु भाडामा दिने आय ठेक्का सम्बन्धी**
**बोलपत्र आव्हानको सूचना**
**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०७/०५**

बुटवल उपमहानगरपालिकाको स्वामित्वमा रहेको वडा नं. २, मैनाबगर स्थित मन्दिर ब्लकमा रहेका देहाय बमोजिमका सटरकोठाहरु हाल जे-जस्तो अवस्थामा छ सोही अवस्थामा ५ वर्ष अवधिका लागि बहाल बन्दोवस्त गर्न आवश्यक भएकोले यो सूचना प्रकाशित गरिएको छ । उपर्युक्त पसले भवनहरुका सटरकोठाहरु बहालमा लिन इच्छुक नेपाल सरकारवाट ईजाजत प्राप्त फर्म/कम्पनी/वित्तिय संस्था/सहकारीहरु र ब्यक्तिहरुले तोकिएका शर्त, नियम तथा प्रावधानहरुको परिधि भित्र रही रित पूर्वकको सिलवन्दी बोलपत्र पेश गर्न सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. यो सूचना प्रकाशित भएको मिति देखी २०८१।०८।०४ गते सम्म कार्यालय समय भित्र ईच्छुक फर्म/कम्पनी/वित्तिय संस्था/सहकारीहरु र ब्यक्तिहरुले क्रमशः फर्म दर्ता/नवीकरणको प्रतिलिपि, आ.व. २०८०/०८१ को कर चुक्ताको प्रतिलिपि र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित निवेदन र तपसिल बमोजिमको रकम (फिर्ता नहुने) बुझाई बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखाबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फारमलाई सिलबन्दी गरी बाहिर खाममा आय ठेक्का न ०३/०८१/०८२, सपिङ्ग कम्प्लेक्सको नाम र सटर नं. उल्लेख गरी मिति २०८१।०८।०५ गते दिनको १२.०० बजे भित्र बुटवल उप महानगरपालिकामा शिलबन्दी बोलपत्र फारम दाखिला गर्न सकिनेछ । साथै दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको १.०० बजे बु.उ.म.न.पा. कार्यालयमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
३. बोलपत्र खरिद गर्ने अन्तिम दिन, दाखिला गर्ने तथा खोल्ने अन्तिम दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको दिन खरिद गर्ने र सोको भोली पल्ट दाखिला गर्ने तथा खोल्ने कार्य हुनेछ ।
४. बहाल सम्झौता अवधी ५ वर्षको हुनेछ र दोस्रो बर्ष देखी प्रत्येक वर्ष ५ प्रतिशतका दरले बहाल बृद्धि हुदै जानेछ । सम्झौता अवधी समाप्त भए पछि पुनः प्रतिस्पर्धात्मक प्रकृयाबाट बहाल बन्दोबस्त गरिने छ ।
५. बोलपत्रदाताले बोलपत्रका साथ तपशिलमा उल्लेखित धरौटी रकम बु.उ.म.न.पा.का. को नाममा रा.वा. बैंक खस्यौली शाखामा रहेको धरौटी खाता नं. ३१२०१००३०३००००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर, नगद वा सो रकम बराबरको बोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तीमा ९० दिन सम्म म्याद भएको बु.उ.म.न.पा.का. को नाममा जारी गरिएको बैक जमानी पत्र (बिड बण्ड) पेश गर्नु पर्नेछ ।
६. तोकिएको प्रक्रिया पुरा गरेको सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ ।
७. बोलपत्र स्वीकृत भए पछि कबोल्ल गरेको बहाल रकमको ५ बर्षको कुल बहाल रकमको ५ प्रतिशतले हुने धरौटी रकम बु.उ.म.न.पा.का. को नाममा रा.वा. बैंक खस्यौली शाखामा रहेको धरौटी खाता नं. ३१२०१००३०३००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर र पहिलो महिनाको मासिक बहाल रकम, मासिक बहाल कबोल अंकको ६ महिना (सम्झौताको अन्तिम बर्षको) बराबरले हुने रकम सम्झौता गर्दाका बखत जम्मा गर्नु पर्ने छ । उक्त ६ महिना बराबरको अग्रिम रकम बहाल सम्झौताको अन्तिम वर्षको मासिक वहालमा कट्टा गरिनेछ ।
८. हाल बुटवल उपमहानगरपालिकालाई बुझाउनु पर्ने सटर बहाल नबुझाई बक्यौता राख्ने व्यक्ति/फर्म वा कम्पनीले बोलपत्र खरिद वा दाखिला गर्न पाइने छैन । त्यसरी दाखिला भएको बोलपत्र मूल्यांकनमा समावेश गरिने छैन ।
९. बोलपत्र आव्हान गरिएका बहाल प्रयोजनका सटर/कोठाहरुमा धारापानी तथा पानी निकासको ब्यवस्था नभएको हुंदा बहालमा लिनेले होटल, रेष्टुरेण्ट तथा चिया पसल प्रकृतीका कुनैपनी ब्यवसाय गर्न पाईने छैन तथा कोठा पार्टेशन गरी तेस्रो पक्षलाई बहालमा दिन पाईने छैन । सम्झौता विपरित यस्तो कार्य गरेको पाईएमा बहाल सम्झौता रद्ध गरिनेछ ।

मित्रमणी खनाल
प्रमुख प्रशासकीय अधिकृत

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही

१०. अन्य शर्त र प्रावधानहरुको विस्तृत विवरण बोलपत्र फारममा उल्लेख गरिएको छ। थप जानकारीका लागि बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको प्राकृतिक श्रोत तथा सम्पत्ति व्यवस्थापन/राजश्व प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ।

११. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार बुटवल उपमहानगरपालिकामा सुरक्षित रहनेछ।

१२. अन्य कुराहरु स्थानीय सरकार सञ्चालन ऐन, बुटवल उपमहानगरपालिकाको आय ठेक्का नियमावली २०७६ र प्रचलित ऐन नियम बमोजिम हुनेछ।

**सटरहरुको विवरण**

| आय ठेक्का नं. | सपिङ्ग कम्प्लेक्सको नाम | सटर नं. | न्युनतम बहाल अंक (मासिक) | वोलपत्र फाराम दस्तुर (फिर्ता नहुने) | बोलपत्र साथ जम्मा गर्नु पर्ने न्युनतम धरौटी रकम |
|---|---|---|---|---|---|
| आय ठेक्का नं. ३/०८१/०८२ | वडा नं. २, मैनाबगर स्थित मन्दिर ब्लक | १ | ५०००.०० | १०००.०० | १६५८०.०० |
| | | २ | ५०००.०० | १०००.०० | १६५८०.०० |
| | | ३ | ५०००.०० | १०००.०० | १६५८०.०० |
| | | ४ | ५०००.०० | १०००.०० | १६५८०.०० |
| | | ५ | ५०००.०० | १०००.०० | १६५८०.०० |
| | | ६ | ५०००.०० | १०००.०० | १६५८०.०० |
| | | ७ | ५०००.०० | १०००.०० | १६५८०.०० |
| | | ८ | ५०००.०० | १०००.०० | १६५८०.०० |

मित्रमणी खनाल
प्रमुख प्रशासकीय अधिकृत